Australian Government

ParentsNext

# आफ्नो सहभागिता योजनाबाट अधिकतम लाभ उठाउने तरिका



## ParentsNext का परामर्शदाताले तपाईंलाई सहभागिता योजना बनाउन मद्दत गर्ने छन् ।

यो योजनाले तपाईंलाई आफ्नो अध्ययन तथा रोजगारीसम्बन्धी लक्ष्य निर्धारण गर्न तथा आफ्नो सबैभन्दा कान्छो बच्चा विद्यालय जान थाल्ने बेलासम्ममा रोगजारीका लागि तयार हुन चाल्नु पर्ने कदक चाल्न मद्दत गर्छ ।

यो योजनामा निम्न कुराहरू समावेश हुन्छ:

- तपाईंको अध्ययन तथा रोजगारी लक्ष्य
- गर्नु पर्ने गतिविधि, पेस गर्नु पर्ने रिपोर्ट तथा नछुटाउनु हुने अपोइन्टमेन्ट ।

**तपाईंले गर्नु पर्ने गतिविधिहरू** तपाईं र तपाईंको परिवारको आवश्यकताको आधारमा तयार गरिन्छ । यी गतिविधिमा निम्न कुराहरू समावेश हुन सक्छन्:

- सिभी बनाउने, अन्तर्वार्ता अभ्यास गर्ने वा अनुमति पत्र प्राप्त गर्ने जस्ता **कामको लागि तयार हुन चाहिने** सीपहरू विकास गर्ने
- **कार्य अनुभाव** वा **स्वयंसेवा**
- **तालिम, TAFE वा विश्वविद्यालय शिक्षा**
- स्थानीय सेवा प्राप्त गर्ने **सहायता प्राप्त** गर्ने ।

तपाईं अध्ययन, काम वा स्वयंसेवा गर्दै हुनुहुन्छ भने तपाईंले गरिरहेको कामलाई पनि तपाईंको योजनामा गतिविधिको रूपमा सूचीकृत गरिने छ । **अर्थात तपाईंले थप गतिविधि गर्नु पर्दैन ।**

तपाईंलाई आफ्नो गतिविधिको सन्दर्भमा वित्तीय सहायता चाहिन्छ भने तपाईं सहभागिता कोषबाट रकम प्राप्त गर्न सक्नुहुन्छ वा हुन्न भन्ने कुरा थाह पाउन आफ्नो प्रदायकसँग सम्पर्क गर्नुहोस् ।

## तपाईंको सहभागिता योजना तपाईंको नियन्त्रणमा हुन्छ

- ✓ तपाईंले ParentsNext को परामर्शदातासँग सहकार्य गरेर नयाँ योजना बनाएपछि तपाईं उक्त योजनाको बारेमा 10 दिन सोच्न पाउनु हुन्छ ।
- ✓ तपाईंलाई कुनै गतिविधि आफू अनुकूल छैन जस्तो लाग्छ भने सो गतिविधि बदल्ने बारेमा आफ्नो परामर्शदातासँग कुरा गर्नुहोस् ।
- ✓ तपाईंको परिस्थिति परिवर्तन भयो (जस्तै, तपाईं ठाउँ सर्नु भयो वा तपाईंसँग सवारी साधान हुन छाड्यो) भने आफ्नो परामर्शदातालाई बताइ हाल्नुहोस् ।

**थप जानकारीको लागि dese.gov.au/parentsnext हेर्नुहोस्**